व्यावसायीक कृषि पर्यटन शहर
सुन्दर समुन्नत हाम्रो रत्ननगर

नगर उपप्रमुख श्री बिमलादेवि दुवाडीज्यु बाट
रत्ननगर नगरपालिकाको नवौ नगरसभामा पेश गर्नु भएको

# आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्य

रत्ननगर नगरपालिका
रत्ननगर, चितवन, बागमति प्रदेश नेपाल
मिति २०७८/०३/०६

आदरणिय नगरप्रमुख तथा सभा अध्यक्षज्यु, नगर सभासदज्युहरु, कर्मचारी तथा सञ्चारकर्मी मित्रहरु,

विश्वव्यापी कोभिड-१९ महामारीले मानव जीवन, आर्थिक र सामाजिक क्षेत्रमा सिर्जना गरेको बिषम र कठिन परिस्थितिमा रत्ननगर नगरपालिकाको नगर उपप्रमुख एवम वजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित सभामा आगामि आ.ब.२०७८/७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवान्वित महशुस गरेको छु ।

यस अवसरमा म राष्ट्रिय स्वाधिनता स्वतन्त्रता लोकतन्त्र तथा सामाजिक न्याय र परिवर्तनका लागि बलिदान दिनु हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु ।साथै कोभिड - १९ को कारण बाट ज्यान गुमाउनु भएका नगरवासीका साथै सम्पूर्ण नेपाली दिदी बहिनी दाजुभाईहरु प्रति हार्दिक श्रध्दान्जली व्यक्त गर्दै शोकाकुल परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्नुका साथै उपचाररत सबैको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

कोभिड १९ महामारीको दोश्रो लहरको असर लम्बिदै गर्दा यसको प्रभावको कारण जनश्वास्थ्य सम्बन्धि चुनौतिहरु थपिदै गएका छन ।यस संकटको घडीमा आम नागरिकको जीवनरक्षालाई प्राथमिकता दिई स्वास्थ्य सजगता अपनाउदै आर्थिक गतिबिधिलाई संचालन गर्नु आवश्यक छ ।लामो समय देखि न्यून तलवमानमा काम गरि आएका वडाको नगर स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकीमा कार्यरत अ.हे.व. तथा अ.न.मि.लाई रु.२०,०००।– र का.स.लाई १५,०००।– मासिक तलव कायम गरीएको छ ।सामुदायिक विद्यालयमा कार्यरत सहयोगी कार्यकर्ता र कार्यालय सहयोगीलाई नेपाल सरकारको निर्देशिका प्रास भएपछि थप सुविधा सोहि अनुसार हुनेछ । **कोरोनाको कहर बाट नगरबासीलाई सुरक्षित राख्न खोपको लागि बजेट बिनियोजन गरीएको व्यहोरा अनुरोध गर्दछु ।**

व्यावशायिक कृषि पर्यटकिय शहर, स्वच्छ समृद्ध हाम्रो रत्ननगर सहितको दुरदृष्टि(VISION) र नगरवासीलाइ सर्वसुलभ , भरपर्दो, गुणस्तरीय सेवा तथा सुविधा उपलव्ध गराइ नगरवासीहरुको जिवनस्तरमा सुधार ल्याउने गरी तय गरीएको गन्तव्य (MISSION ) लाइ मुर्त रुप दिन यस नगरपालिका दृढ संकल्पित रहेको छ ।

कोभिड-१९ को कहर बाट सिथिल भएको आर्थिक गतिबिधिलाई गतिशिल बनाउन तथा हाल देखिएको कोरोना भाइरसको नया भेरियन्टलको संक्रमणरोक्नुपर्ने कठिन परिस्थितिका बिचमा संबिधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, संघीय र प्रदेश सरकारका नीति तथा कार्यक्रम , चालु आवधिक योजना, दीगो विकासका लक्ष्य, नगरविकास गुरुयोजना, संघिय प्रादेशिक तथा स्थानिय ऐन कानून र कार्यविधिहरु बाट निर्देशीत हुदै यस नगरसभामा प्रस्तुत नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी वजेट

तर्जुमा गरीएको छ ।यसै गरी राजनैतिक दलका सुझाव, विगतका अनुभव नागरिक समाज निजी क्षेत्र सहकारी क्षेत्र स्थानिय सामुदायिक संघसंस्था वुद्धिजिवि संचारकर्मी लगायतका सरोकारवालाहरु वाट प्रास राय परामर्श सुझाव लगायतका अन्य बिभिन्न क्षेत्रका प्राप्त रचनात्मक सुझावहरुलाइ समेत समेट्दै आगामी आ.ब. २०७८/७९को बजेट तर्जुमा गरीएको छ ।

नगरक्षेत्रमा खाद्यान्नको उत्पादन बढाउने, रोजगारी सिर्जना गर्ने, सार्वजनिक सेवा प्रहारमा सुधार गर्ने, पर्यटन प्रवर्ध्दन गर्ने, जनतालाई प्रत्यक्ष प्रभावित गर्ने भौतिक पूर्वाधारमा लगानी गर्नुपर्ने अहिलेको आवश्यकता भएकाले आगामी बर्षको बजेट यस तर्फ केन्द्रित रहेको माननिय नगरसभाका सदस्यज्यूहरुलाई अवगत गराउन चाहान्छु ।

वजेट तर्जुमा गर्दा संघ र प्रदेस सरकार सग समन्वय र साझेदारी गर्दै उपलव्ध श्रोत र साधनको अधिकतम उपभोग गर्नु पर्ने मान्यतालाइ जोड दिइएको छ ।नेपालको संविधानमा उल्लेखित स्थानिय तहको अधिकार सूची, सार्वजनिक सेवा प्रवाहमा नगरपालिकाको भूमिका र सञ्चालित विकास आयोजनाहरुको कार्यान्वयनको अवस्थालाई ध्यानमा राख्दै चालु आ.ब.का कार्यक्रमलाई आवश्यकता अनुरुप परिमार्जन संशोधन र निरन्तरता दिदै अव्वल गतिशिल र लगानीमैत्री नगरपालिकाको पहिचान स्थापना हुने गरी बजेट विनियोजन गरीएको छ ।

नगरबासीका चाहना र मागलाई सम्बोधन गर्न तथा उत्पादनशील कार्यका लागि नगरका गौरवका केहि योजना तथा कार्यक्रमका लागि समेत बजेट बिनियोजन गरिएको छ ।

सभाका अध्यक्ष एवम सभासदज्युहरु

अब म आन्तरीक राजस्वका दरहरु सम्बन्धमा गरीएका व्यवस्थाका बारेमा जानकारी गराउन चाहन्छु । आ.व.२०७७।७८ मा अधिकांस करका दरहरु यथावत राखिएको छ नया क्षेत्रका करको खोजी गरी करको दायरा बढाइएको छ ।

करका छुटहरु यस प्रकार छन : –

- आ.ब. २०७७।७८ को कार्तिक मसान्त सम्म सम्पतिकर बुझाएमा १० प्रतिसत छुट दिइनेछ । बिगत आ.ब.को बक्यौतामा १ बर्षसम्मको बक्यौतामा २० प्रतिसत र १ बर्ष भन्दा बढीकोमा ३० प्रतिसत जरिवाना लाग्ने छ ।
- आ.ब. २०७७।७८ मा व्यवसायिक प्रयोजनका लागि १० प्रतिशत र आवासिय प्रयोजनका लागि ७ प्रतिशत छुट दिई ३ प्रतिशत वहाल कर लाग्ने छ ।
- आ.ब. २०७७।७८ को व्यवसायिक कर कार्तिक मसान्त सम्ममा बुझाएमा लाग्ने करमा २० प्रतिशत छुट र बिगतको बक्यौता कार्तिक मसान्त सम्म बुझाएमा ५० प्रतिशत छुट दिइने छ ।

सभा सदस्य ज्यूहरु म सुरुमा चालु आ.व. २०७७/०७८ को हाल सम्मको यथार्थ आय विवरण प्रस्तुत गर्न चाहन्छु ।

जम्मा वजेट रु १ अर्व १३ करोड८८ लाख रहेकोमा अन्य निकायबाट थप अख्तियारी प्राप्त भइ कुल आय १ अर्व २९ करोड १९ लाख कायम भएको छ ।थप भएका मुख्य शिर्षकमा सडकबोर्ड, केन्द्रिय कृषि तालिम केन्द्र,बकुलहर रत्ननगर अस्पताल सुदृढिकरण तथा उपकरण खरीद, सशर्तका बिबिध कार्यक्रम, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, कोरोना रोकथाम तथा नियन्त्रण र बिपन्न घरधुरी आवास कार्यक्रम लगायत रहेका छन ।२०७७ असार २ गते सम्म रु ९३ करोड६३ लाख ६१ हजार वास्तविक आम्दानि भएको छ भने ३५ करोड ५६ लाख आम्दानी हुन बाँकि रहेकोछ ।आन्तरिक राजस्व तर्फ रु १० करोड अनुमान रहेकोमा २०७७ असार २ गते सम्म रु ८ करोड १३ लाख मात्रै राजस्व संकलन भएको छ ।

अव म चालु आ.व. २०७७/०७८ को हाल सम्मको खर्चको समिक्षा गर्ने चाहन्छु ।

जम्मा संशोधित वजेट रु १ अर्व २९ करोड १९ लाख रहेको मा २०७७ साल असार २ गते सम्म सामाजिक सुरक्षा , प्रदेश साँसद विकास कोष र संघिय साँसद विकास कोषको रकम बाहेक ५९ करोड ५१ लाख २६ हजार खर्च भएको छ ।जसमध्येचालु तर्फः वजेट ६८ करोड ४४ लाख ८०हजार रहेको मा २०७८ साल असार २ गते सम्म ३८ करोड ५३ लाख ६५ हजार खर्च भएको छ ।पूँजिगत तर्फ जम्मा वजेट ६० करोड ७४ लाख ९६ हजार रहेको मा २०७७ साल असार २ गते सम्म २० करोड ९७ लाख ६२ हजार खर्च भएको छ । जसको पुरा विवरण यहाँहरुको हातमा उपलव्ध गराइएको छ ।

अव म कोविड १९ को लागि विनियोजन भएको वजेट र खर्चको संक्षिप्त जानकारी गराउँदछु:

रत्ननगर नगरपालिकाको प्रकोप व्यवस्थापन कोष अन्तर्गत कोरोना रोकथाम तथा नियन्त्रण तथा उपचार व्यबस्थापन बापत हालसम्म रु. ८६ लाख ५० हजार आम्दानी भएकोमा असार २ गते सम्म रु ७०लाख ३४ हजार खर्च भएको छ भने वैङ्क मौज्यात रु १६ लाख १६ हजार रहेको छ ।

सभासदज्यूहरु, अव म आगामी २०७८/७९को अनुमानित आय व्ययको विवरण प्रस्तुत गर्न चाहान्छु:

आय तर्फ :

| क्र.सं. | आय शिर्षक | रकम रु |
|---|---|---|
| १ | आन्तरीक आय | ११ करोड |
| २ | राजस्व बाडफाड(संघिय र प्रदेश) | १३ करोड ८९ लाख |
| ३ | अघिल्लो बर्षको नगद मौज्दात | २ करोड |
| ४ | समानीकरण अनुदान(संघिय र प्रदेश) | २१ करोड ६७ लाख |
| ५ | सशर्त अनुदान (संघिय र प्रदेश) | ३८ करोड ३८ लाख |
| ६ | समपुरक कार्यक्रम (संघिय र प्रदेश) | ४ करोड ६ लाख |

| | | |
|---|---|---|
| ७ | अन्य निकाय बाट( जि.स.स. सडकबोर्ड) | २ करोड ७३ लाख |
| ८ | सामाजिक सुरक्षा | २८ करोड |
| ९ | प्रदेश पुर्वाधार बिकास साझेदारी कार्यक्रम | ३ करोड |
| १० | उपभोक्ताको नगद सहभागिता | १ करोड |
| ११ | अन्य आय | १ करोड २१ लाख |
| | जम्मा | १ अर्ब २६ करोड ९४ लाख |

## आ.व. २०७८/७९को व्यय अनुमान

जम्मा चालु खर्च रु ६० करोड ४४ लाख (४७.६१%) र रु पुँजिगत खर्च रु ६६करोड ५० लाख (५२.३९%) अनुमान गरिएको छ।

| क.सं. | व्यय शिर्षक | रकम रु |
|---|---|---|
| १ | आर्थिक बिकास | १ करोड ३२ लाख |
| २ | सामाजिक बिकास | १ करोड ३२ लाख |
| ३ | पुर्वाधार विकास | २ करोड २० लाख |
| ४ | वन वातावरण तथा विपद व्यबस्थापन | ६१ लाख |
| ५ | सुशासन तथा संस्थागत विकास | २६ लाख |
| ६ | समपुरक तर्फका योजना तथा कार्यक्रम | ४ करोड ६ लाख |
| ७ | अन्य निकायका योजना( जि.स.स. सडकबोर्ड) | २ करोड ७३ लाख |
| ८ | सामाजिक सुरक्षा | २८ करोड |
| ९ | प्रदेश पुर्वाधार बिकास साझेदारी कार्यक्रम | ३ करोड |
| १० | नगरका गौरवका योजना तथा कार्यक्रम | ३ करोड३० लाख |
| ११ | प्रशासनिक तथा चालु खर्च | २३ करोड ५०लाख |
| १२ | सशर्त कार्यक्रम (संघिय र प्रदेश) | ३८ करोड ३८ लाख |
| १३ | वडागत चालु र पुजिगत कार्यक्रम खर्च | १५ करोड २६ लाख |
| १४ | समपुरक कोष | ३ करोड |
| | जम्मा | १ अर्ब २६ करोड ९४ लाख |

संघिय सरकार तर्फका सम्पूर्ण ममर्त कार्यक्रम र सामाजीक सुरक्षा समेत चालु खर्चमा समावेश भएको छ।

**नगर गौरवका योजनाहरु :**

| क्र.सं. | योजना तथा कार्यक्रम | रकम रु |
|---|---|---|
| १ | विपन्न वर्गको लागत साझेदारीमा गाई वितरण कार्यक्रम | १ करोड |
| २ | सार्वजनिक जग्गा संरक्षण तथा घेरावार कार्यक्रम | २० लाख |
| ३ | नमुना पर्यटकीय पार्क निर्माण वडा नं. १६ | २० लाख |
| ४ | कोरोना नियन्त्रणका लागि भ्याक्सिन खरीद | ३० लाख |
| ५ | नगरप्रमुख सँग उद्यमशिलता कार्यक्रम | ५० लाख |
| ६ | "उप-प्रमुखसँग महिला" लागत सहभागितामा आधारित कार्यक्रम | २० लाख |
| ७ | उत्कृष्ट विद्यालयलाई स्कुल बस खरीदमा सहयोग | ५० लाख |
| ८ | सामुदायिक विद्यालयमा अध्ययन गर्ने विपन्न छात्रालाई लागत साझेदारीमा साइकल वितरण | ५ लाख |
| ९ | कृष्णसार संरक्षणका लागि बासस्थान निर्माण वडा नं. १० टिकौली | २५ लाख |
| १० | टिकौली इकोपार्क कल्चरल भिलेज | १५ लाख |
| ११ | ४ नं. वडा कवर्भड हल निर्माण | १० लाख |
| १२ | एम्वुलेन्स/शववाहान खरिद | ३० लाख |
| १३ | गर्ल्स होस्टल | ४ ० लाख |
| १४ | पत्रकार भवन निर्माण | ४ लाख |
| | जम्मा | ४ करोड १९ लाख |

**वडागत कार्यक्रमका लागि विनियोजन यस प्रकार रहेको छ ।**

वडा नं १. रु ९५ लाख १८ हजार

वडा नं २. रु ९३ लाख ४६ हजार

वडा नं ३. रु ९३ लाख

वडा नं ४. रु ९२ लाख ६२ हजार

वडा नं ५. रु ९२ लाख ९३ हजार

वडा नं ६. रु १ करोड २ लाख १५ हजार

वडा नं ७. रु ९३ लाख ७१ हजार

वडा नं ८. रु ९२ लाख ३२ हजार

वडा नं ९. रु ९४ लाख ९५ हजार

वडा नं १०. रु ९५ लाख १६ हजार

वडा नं ११. रु १ करोड ३ लाख २ हजार

वडा नं १२. रु ९३ लाख ६६ हजार

वडा नं १३. रु ९६ लाख ६० हजार

## नगर गौरवका योजनाहरु :

| क.सं. | योजना तथा कार्यक्रम | रकम रु . |
|---|---|---|
| १ | विपन्न वर्गको लागत साझेदारीमा गाई वितरण कार्यक्रम | १ करोड |
| २ | सार्वजनिक जग्गा संरक्षण तथा घेरावार कार्यक्रम | २० लाख |
| ३ | नमुना पर्यटकीय पार्क निर्माण वडा नं. १६ | २० लाख |
| ४ | कोरोना नियन्त्रणका लागि भ्याक्सिन खरीद | ३० लाख |
| ५ | नगर प्रमुख सँग उद्यमशिलता कार्यक्रम | ५० लाख |
| ६ | नगर प्रमुख विशेष कोष | ९० लाख |
| ७ | "उप-प्रमुखसँग महिला" लागत सहभागितामा आधारित कार्यक्रम | २० लाख |
| ८ | कृष्णसार संरक्षणका लागि बासस्थान निर्माण वडा नं. १० टिकौली | २५ लाख |
| ९ | टिकौली इकोपार्क कल्चरल भिलेज | १५ लाख |
| १० | ४ नं. वडा कवर्भड हल निर्माण | १० लाख |
| ११ | एम्वुलेन्स/शववाहान खरिद | ३० लाख |
| १२ | पत्रकार भवन निर्माण | ४ लाख |
| | जम्मा | ४ करोड १४ लाख |

वडागत कार्यक्रमका लागि विनियोजन यस प्रकार रहेको छ ।

वडा नं १. रु ९५ लाख १८ हजार

वडा नं २. रु ९३ लाख ४६ हजार

वडा नं ३. रु ९३ लाख

वडा नं ४. रु ९२ लाख ६२ हजार

वडा नं ५. रु ९२ लाख ९३ हजार

वडा नं ६. रु १ करोड २ लाख १५ हजार

वडा नं ७. रु ९३ लाख ७१ हजार

वडा नं ८. रु ९२ लाख ३२ हजार

वडा नं ९. रु ९४ लाख ९५ हजार

वडा नं १०. रु ९५ लाख १६ हजार

वडा नं ११. रु १ करोड ३ लाख २ हजार

वडा नं १२. रु ९३ लाख ६६ हजार

वडा नं १३. रु ९६ लाख ६० हजार

वडा नं १४. रु ९८ लाख ९३ हजार

वडा नं १५. रु ९३ लाख ६६ हजार

वडा नं १६. रु ९४ लाख ५६ हजार

अन्त्यमा यस रत्ननगरको नगरपालिकाको आर्थिक बर्ष २०७७-७८ को बजेट तथा कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष तथा परोक्ष रुपमा सक्रिय सहभागिता जनाइ सहयोग गर्नु हुने तथा अमुल्य सल्लाह र सुझाव प्रदान गर्नु हुने सम्पुर्ण महानुभाव प्रति हार्दिक आभार व्यक्त गर्दछु । समृद्ध नेपाल सुखी नेपालीको अवधारणालाई समेत टेवा पुग्ने हिसावले तयार गरीएको यस बजेट तथा कार्यक्रमले नगरपालिकाको सम्पुर्ण नगरवासीको अपेक्षा अनुसारको उपलब्धी हासिल गर्नेछ भन्ने आशा र बिश्वास लिएको छु । यसको सफल कार्यान्वयन गर्न सवैको साथ र सहयोग रहने बिश्वास लिदै यो मन्तव्य यहि अन्त्य गर्दछु ।

धन्यवाद ।

३।११

विमला देवि दुवाडि
नगर उपप्रमुख